# नेपाल राजपत्र


श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, वैशाख १ गते २०५५ साल (अतिरिक्ताङ्क १


## भाग १

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

## शाही सन्देश

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट नयाँ वर्षको अवसरमा २०५५ साल वैशाख १ गते देशवासीको नाममा बक्सेको सन्देश–

प्यारा देशवासीहरू,

आज हामी २०५५ सालमा प्रवेश गर्दैछौं। नव वर्षको शुभारम्भमा समस्त नेपालीहरूको सुख, शान्ति र समृद्धिको कामना गर्दछौं।

आपसी सद्भाव, विश्वास र सहयोगबाट नै हामी नेपालीले आफ्नो राष्ट्रिय स्वतन्त्रता, एकता र गौरव कायम राख्न सकेका हौं। यसको निरन्तरताको लागि राष्ट्रप्रति जवाफदेही र जनआकांक्षाप्रति संवेदनशील हुनु जरूरी छ। आर्थिक अनुशासनको पालना, सार्वजनिक विषयमा पारदर्शिता तथा प्राप्त अवसर र साधनको सदुपयोगबाट राष्ट्रको हित अभिवृद्धिमा सघाउ पुग्न जानेछ भन्ने हामीलाई लाग्दछ।

सबै नेपालीलाई सुखद र सुरक्षित भविष्यप्रति आश्वस्त तुल्याई राष्ट्रिय एकता र सामाजिक सौहार्द्रता सुदृढ बनाउने काममा लाई राष्ट्रिय प्रतिबद्धताको रूपमा लिई अघि बढ्न यस नयाँ वर्षले सबैलाई प्रेरित गरोस् – यही हाम्रो शुभकामना छ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबारको सूचना

श्री ५ महाराजाधिराजबाट राजप्रासाद सेवा नियमावलीबमोजिम आजका मितिदेखि लागू हुने गरी प्रमुख सचिवालयका सचिव पशुपतिभक्त महर्जनलाई सोही सचिवालयको प्रमुख सचिव पदमा बढुवा गरिबक्सेको छ ।

त्यसैगरी, मौसूफबाट प्रमुख राजदरबार पदाधिकारी कार्यालयका सह-सचिव घनश्याम जोशीलाई सोही कार्यालयको सचिव पदमा बढुवा र प्रमुख निजी सचिवालयका सह निजी सचिव मोहनबहादुर पाण्डेलाई प्रमुख संवाद सचिवालयको संवाद सचिव पदमा सरुवा बढुवा गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

30



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।